# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-४८, कार्तिक, २०७३

## भित्र

सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया ..............................२

सरोकारवालासँग सार्वजनिक सुनुवाइ .....................................३

सामाजिक परिवार प्रशिक्षक प्रशिक्षण ...................................४

सामाजिक लेखाजोखा कार्यक्रम .................................५

पशुपालन आधारभूत तालिम..५

नयाँ संविधानसम्बन्धी जानकारी.................................७

३९ वर्षमा जन्मदर्ता र नागरिकता................................८

सम्पर्कका लागि ठेगाना:
**समग्र विकास सेवा केन्द्र,**
हस्पिटल मार्ग, चाबहिल,
पो.ब. नं. : १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल:
info@samagra-nepal.org.np,
वेभसाइट: www.samagra-nepal.org




## स्थानीयस्तरमा
# मानवअधिकारबारे अन्तर्क्रिया

**काठमाडौं** : समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७३ कात्तिक १२ गते 'स्थानीय स्तरमा मानवअधिकारको अवस्था र सुधारका लागि पहल' विषयक अन्तर्क्रिया सम्पन्न भयो। काठमाडौंको नयाँ बानेश्वरस्थित अल्फाबिटा कम्प्लेक्सको सभाकक्षमा भएको अन्तर्क्रियामा सरोकारवालाहरूले उठाएको जिज्ञासाको सम्बन्धित क्षेत्रका सांसद्हरूले जवाफ दिएका थिए।

उक्त अन्तर्क्रियामा सिरहा, सप्तरी, उदयपुर, सुनसरी, धनुषा, महोत्तरी, गोरखा, धादिङ्ग, लमजुङ्ग, काठमाडौं लगायत जिल्लाका सामाजिक परिवारका अगुवाहरू सहभागी थिए। उनीहरूका प्रश्नको जवाफ दिन सांसद्हरू जमिन्द्रमान घले, रामेश्वर फुयाँल, हरि उप्रेती, राष्ट्रिय दलित आयोगका सदस्यसचिव सीताराम घले परियार, राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि वीरवहादुर बुढा मगर उपस्थित थिए।

अन्तर्क्रियामा सामाजिक परिवारका अगुवाहरूले आफूले स्थानीय स्तरमा भोगेका अमानवीय घटना तथा समस्याहरूबारे जिज्ञासा राखेका थिए। छुवाछुत तथा जातीय भेदभाव, दाइजोप्रथा, सरकारी सेवाको ढिलासुस्ती, राष्ट्रिय निकुञ्ज तथा आरक्षहरूले पुऱ्याएको असुविधा, शिक्षा, स्वास्थ्य तथा विकाससँग सम्बन्धित समस्याहरु उठाइएका थिए।

काठमाडौंको गोकर्णेश्वर नपा-१ ओखरेनीकी सिर्जना तामाङले सोधिन्, 'सबै ठाउँको गाँजा नष्ट गरिएन। कोहीको पोल्ने कोहीको नपोल्ने गर्नुभयो। ३५ जना प्रहरी आएर हाम्रो गाउँमा मात्र किन काट्ने ? त्यहाँ जनताको कुनै रोजगार छैन, अनि गाँजा बेचेर खानु परेन ? केही उपाए नभएपछि रक्सी बेचेर पनि खानु परेन ?'

काठमाडौं निर्वाचन क्षेत्र नं. ३ का सांसद रामेश्वर फुयाँलले भने, 'राजधानी पनि

*बाँकी पृष्ठ ६ मा*

# सुशासन तथा जवाफदेहीता अन्तर्क्रिया



**सुनसरी :** समग्र विकास सेवा केन्द्रले २०७३ भाद्र २९ गते सुनसरीको लौकहीस्थित सुनसरी मोडेल पब्लिक स्कुलमा 'शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण अभियान' अन्तर्गत सुशासन तथा जवाफदेहीतासम्बन्धी अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रम पश्चिम कुशाहा-४ को चतुर्मुखी सामाजिक परिवारको अध्यक्ष श्रीमती पार्वतीदेवी उरावको अध्यक्षतामा सम्पन्न भयो ।

कार्यक्रमका प्रमुख अतिथि संघीय समाजवादी पार्टी फोरमका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव थिए । कार्यक्रममा सामाजिक परिवारका तर्फबाट ललित मण्डलले अभिनन्दन-पत्र वाचन गरी प्रमुख अतिथिलाई बुझाएका थिए ।

पश्चिम कुशाहास्थित रामरहिम सामाजिक परिवारका कोषाध्यक्ष सरितादेवी मण्डलले आफूहरू कृषक भएकोले कृषि नै मुख्य पेशा भए पनि कृषि सेवा केन्द्रबाट कुनै पनि प्रकारका सेवासुविधा नपाएको बताइन् । उनको भनाइलाई सम्बोधन गर्दै कृषि सेवा केन्द्रका सहायक प्रमुख हरि नारायण साहले भने, 'सरकारबाट दिइने सेवासुविधा वितरण गर्दैआएका छौँ । त्यसबाट वञ्चित तपाईंहरू पनि कृषि सेवा कार्यालयमा आएमा सेवा-सुविधाहरू पाउनुहुन्छ ।'

पश्चिम कुशाहा-४ को महिला कृषक सामाजिक परिवारकी सचिव अनितादेवी उरावले आफूहरूले बंगुरपालन गरिरहेको तर भ्याक्सिन नपाएको बताए । पशु सेवा केन्द्रका प्रमुख महेन्द्रकुमार पैकराले प्रत्येक तीन महिनामा भ्याक्सिन सेवा उपलब्ध गराउने गरेको जानकारी दिँदै छुट भएकाहरूलाई केन्द्रमा आएर लिन आग्रह गरे ।

लौकहीको महालक्ष्मी सामाजिक परिवारका अध्यक्ष कविता मण्डलले लौकही गाविस खुला दिसामुक्त घोषणा भएको डेढ वर्ष हुन लागेकोमा आश्चर्य व्यक्त गर्दै प्रश्न गरिन्, 'तर हाम्रो टोलमा अझै गरिबीका कारण चर्पी बनाउन सकेका छैनन् गाविस कसरी खुला दिसामुक्त भयो ?' उक्त प्रश्नलाई सम्बोधन गर्दै गाविस सचिव भगिरथ संजेलले भने, 'खुला दिसामुक्त गाविस घोषणा गर्दा प्रक्रियाहरू पुऱ्याउनैपर्छ । यो कसरी भयो थाहा भएन । म त्यसबेला थिइनँ । यसको लागि मैले खानेपानी तथा सरसफाई डिभिजन कार्यालयसँग कुरा गरिरहेको छु ।'

पश्चिम कुशाहाको महिला कृषक सामाजिक परिवारका अध्यक्ष शिवकुमारी उरावले आफूहरू भूमिहीन रहेको बताउँदै भने, 'जग्गा त पायौँ तर नदीको किनारमा दिइयो । बाढीको समस्या भोग्नुपरेको छ । कोशीको बाँध फुट्दा हामीलाई काठ उपलब्ध गराउने भनिएको थियो । अरुले पाइसके तर हामीले अहिलेसम्म पाएनौं ।'

प्रमुख अतिथि संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले भने, 'तपाईंहरू लगत खडा गर्नुस् र जिल्ला प्रशासन कार्यालय, दैविक प्रकोप तथा विपत व्यवस्थापन कार्यालयमा निवेदन दिनूस् त्यहाँबाट समस्याको समाधान आएन भने मलाई भन्नूस् । त्यसपछि मैले जे गर्नुपर्छ, गर्न तयार छु ।' सेवादायी निकायप्रति लक्ष्यित गर्दै यादवले भने, 'जनताले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरकारलाई कर तिर्छन् । त्यसैबाट सबले तलब पाउँछौं । त्यसैले राज्यले दिएको सेवा-सुविधामा कुनै पनि कन्जुस्याईं नगरी प्रदान गर्नुभयो भने त्यो नै जीवनको सत्य कर्म हो । मैले पनि सीमान्तकृत मानिसहरूकै मुद्दा उठाएको छु । तपाईंहरू घरबाट निस्कन नचाहनेहरू आज यहाँ आउनुभएको छ । आफ्नो समस्याहरू खुलेर सम्बन्धित निकायसमक्ष राख्न सक्नुभएको छ, मलाई निकै खुशी र गौरब महसुस गरेको छु ।'

यादवले भने, 'तपाईंहरू आफ्नो अधिकारप्रति जसरी संगठित हुँदै हुनुहुन्छ, तपाईंहरूलाई कसैले पनि हराउन सक्दैन । कसैले पनि तपाईंहरूमाथि अन्याय र दमन गर्न सक्दैन । गरीब हुनु, 'तल्लो जात' मा जन्मिनु, पछि पर्नु भाग्यको कुरो होइन, बरु राज्यको कपट नीतिले गर्दा हो । गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारीको निश्चित गर्नु राज्यको जिम्मेवारी हो ।' आफूले पनि त्यसैको लागि संघर्ष गरिरहेको बताउँदै यादवले सीमान्तकृत जनतालाई सशक्त गरेर अधिकारप्राप्तिको लागि सहयोग गरिरहेकोले समग्र विकास सेवा केन्द्रलाई धन्यवाद पनि दिए । उनले सेवादायी, सेवाग्राही र सरोकारवालाबीचमा अन्तर्क्रिया गराएको र आफूलाई सहभागी गराएकोमा खुशी पनि व्यक्त गरे ।

*बाँकी पृष्ठ ६ मा*

# सरोकारवालासँग सार्वजनिक सुनुवाइ

**काठमाडौं** : राष्ट्रिय निकुञ्जले वरिपरिका मानिसहरूलाई पारेको असर, तिनीहरूको जीवीकोपार्जन, विकास निर्माण, शिक्षा र स्वास्थ्य लगायतका विषयहरूमा काठमाडौ जिल्लाको गोकर्णेश्वर नगरपालिका वडा नं. १, ओखेनी चिलाउनेमा २०७३ असोज ७ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा त्यस क्षेत्रका सांसद् रामेश्वर फुयाँलसँग स्थानीय बासिन्दाले अन्तर्क्रिया गरेका थिए।

नागरिक र राज्यका निकायहरूबीचको सम्बन्ध सुमधुर बनाई सार्वजनिक सेवा र स्रोत प्रवाहलाई सहज बनाउन, स्थानीयबासीको सामाजिक र आर्थिकस्तर माथि उकासेर दिगो शान्ति र प्रजातान्त्रिक अभ्यासमा मद्दत पुऱ्याउने उद्देश्यले उक्त अन्तर्क्रिया आयोजना गरिएको हो।

कार्यक्रममा सहभागी स्थानीय संघसंस्था तथा सामाजिक परिवारका सदस्यहरूले काठमाडौं जिल्ला र नगरपालिकामा रहेर पनि ओखेनी गाउँ विकासमा दृष्टिले निकै पछाडि परेको, राष्ट्रिय निकुञ्जले पूर्वाधार निर्माण, आयआर्जन तथा जनजीवनमा प्रतिकूल असर पारेको, आवतजावत तथा सामान ढुवानीमा समस्या व्यहोर्नुपरेको जस्ता समस्याहरू राखेका थिए। उनीहरूले माध्यमिक विद्यालय स्थापना, बाटो निर्माण, निकुञ्जका जनावरले पुऱ्याएको नोक्सानीको क्षतिपूर्तिको व्यवस्था, स्वास्थ्य संस्थाको स्थापना, आयआर्जनको वैकल्पिक व्यवस्था गर्नुपर्ने माग राखेका थिए।

कार्यक्रममा त्यस क्षेत्रको शैक्षिक अवस्थाबारे शोधपत्र तयार पार्दै गरेका लक्ष्मण आचार्यले भने, 'काठमाडौं जिल्लामा रहेर पनि ओखेनी गाउँ विकासका दृष्टिले हेर्दा हुम्ला-जुम्ला भन्दा फरक छैन। राष्ट्रिय निकुञ्जको असरले कृषि पेशा संकटमा परेको छ। अधिकांशको पेशा घरेलु मदिरा बनाएर बेच्नु रहेको छ। शैक्षिक दृष्टिकोणबाट पनि निकै पछाडि छ।'

अन्तर्क्रियामा सहभागी हुँदै वडा नागरिक मञ्चका संयोजक श्रीकृष्ण तामाङले भने, 'जे काम गर्न पनि राष्ट्रिय निकुञ्जको अनुमति लिनुपर्छ। कर तिरेका छौं। सबै किसान छौं तर छ महिना पनि खान पुग्दैन। त्यसमाथि पनि निकुञ्जका जन्तुले बाली नाश गर्छ। नोक्सानीको क्षतिपूर्ति पाएका छैनौं, हामीलाई क्षतिपूर्ति चाहियो। बाटो बनाइदिनुपऱ्यो। कर उठाएको यही खर्च गरिदिनुपऱ्यो। तामाङहरू माग्न जान्दैनन्, बोल्न जान्दैनन्, राज्यले पनि वास्ता गर्दैन। निकुञ्जको जञ्जीर तोड्यौं भने मात्र पनि ४० प्रतिशत प्रगति गर्न सक्छौं।'

स्थानीयका जिज्ञासालाई सम्बोधन गर्दै गोकर्णेश्वर नगरपालिकाका प्रतिनिधि दिनेश बास्कोटाले भने, 'नगरपालिकाले गर्नुपर्ने सार्वजनिक सुनुवाई कार्यक्रम समग्र विकास सेवा केन्द्रले गरिदियो, धेरै धन्यवाद। जोरपाटीमा जति पैसा छुट्ट्याएको छ त्यति नै यहाँलाई पनि छुट्याएको छ। नगरपालिकाले भेदभाव गरेको छैन। स्वास्थ्य क्लिनिकको लागि आवश्यक पहल हुनेछ। यहाँ उठाउनु भएका समस्यालाई विशेष रूपले लिनेछु।'

कार्यक्रमका प्रमुख अतिथि सांसद् रामेश्वर फुयाँलले भने, 'यो सुन्दर ठाउँ, दुःखको ठाउँमा सार्वजनिक सुनुवाई कार्यक्रम राखेर समग्रले राम्रो काम गरेको छ। यस क्षेत्रको विकास निर्माणबारे म पूरै जानकार छु। सडक निर्माणको लागि सँगै कोदालो खन्न पनि तयार छु। निकुञ्जसँग यहाँका समस्याबारे कुरा गर्नेछु। २०४८ सालमा म गाविस अध्यक्ष हुँदा दुम्सी, बँदेलको दुःख दियो भन्ने गुनासो थियो। अहिले सांसद हुँदा पनि त्यही समस्या छ, म यसलाई समाधान गर्ने प्रयास गर्नेछु।'

सार्वजनिक सुनुवाई कार्यक्रम गणेश बुद्ध सामाजिक परिवारका अध्यक्ष धर्मा पौडेलको अध्यक्षतामा भएको थियो। कार्यक्रममा नेपाली कांग्रेसका नारायण श्रेष्ठ, नेकपा माओवादी केन्द्रका ऋषिराम खत्री, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष शेरबहादुर तामाङ, सामाजिक परिवारको तर्फबाट शोभा श्रेष्ठ, शर्मिला खत्री, कृष्ण तामाङ, विद्यार्थी राजु तामाङ र सन्तु तामाङलगायतले आ-आफ्ना भनाइ र भोगाइ राखेका थिए। कार्यक्रममा सांसद् फुयाँलसहित राजनीतिक



# सामाजिक परिवार प्रशिक्षक प्रशिक्षण



**सिरहाः** समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७३ भाद्र १० देखि १२ गतेसम्म सिरहाको लहानमा सामाजिक परिवार परिचालनसम्बन्धी प्रशिक्षक प्रशिक्षण सम्पन्न भयो ।

फिल्ड गतिविधिको समीक्षा, समग्र विकास सेवा केन्द्र र सामाजिक परिवारको परिचय, सामाजिक परिवार गठन, बैठक सञ्चालन प्रक्रिया तथा अभिलेखीकरण, मानवअधिकारको नक्साङ्कन, सामाजिक परिवार र कार्यकर्ताको आचारसंहिता, वचत परिचालन तथा पासबुक र लेजर भर्ने अभ्यास, कार्यसमितिको जिम्मेवारी, निवेदन लेखन, घरधुरी सर्वेक्षण/सामाजिक परिवार सर्वेक्षण फाराम भर्ने अभ्यास, कार्ययोजना निर्माण जस्ता विषयहरूमा प्रशिक्षण केन्द्रित थियो ।

प्रशिक्षणका लागि सैद्धान्तिक विधिभन्दा प्रयोगात्मक अभ्यासका विधिहरूलाई प्राथमिकता दिइएको थियो। यसक्रममा चुहिने गाग्रो, माकुरोको जालो बुन्ने खेल, हाजिरी-जवाफ प्रतियोगिता, कुन अधिकार कहाँ भन्ने प्रयोगात्मक अभ्यास, भूमिका अभिनय जस्ता विधि/औजारहरू प्रयोग गरिएको थियो। यस्ता विधिबाट सहभागीहरूलाई सम्बन्धित विषय बुझ्न र बुझाउन सरल भएको सहभागीहरूले बताए ।

समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका तराई-मधेशका जिल्लाहरू- सुनसरी, सप्तरी, उदयपुर, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका सह-उत्प्रेरक तथा नयाँ जिल्ला संयोजकहरूको लागि सञ्चालन गरिएको प्रशिक्षणमा १५ महिलासहित २६ जना सहभागी थिए । प्रशिक्षणमा समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेल र कार्यक्रम अधिकृत अमर अधिकारीले सहजीकरण गरेका थिए ।

**गोरखा** : समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७३ भाद्र २४ देखि २६ गतेसम्म गोरखाबजारमा सामाजिक परिवार परिचालनसम्बन्धी प्रशिक्षक प्रशिक्षण सम्पन्न भयो । समग्र विकास सेवा केन्द्रले कार्यक्रम सञ्चालन गरिरहेका पहाडी जिल्लाहरू- गोरखा, धादिङ, लमजुङ र काठमाडौं जिल्लाका सामाजिक परिवारका पदाधिकारी, समग्र विकास सेवा केन्द्रका सह-उत्प्रेरक, उत्प्रेरक तथा जिल्ला संयोजकहरूका लागि सञ्चालन गरिएको उक्त प्रशिक्षणमा २४ महिलासहित ३३ जना सहभागी थिए। प्रशिक्षणलाई समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेल र कार्यक्रम अधिकृत अमर अधिकारीले सहजीकरण गरेका थिए ।

कार्यक्रमको उद्घाटन अनौपचारिक विधिबाट भएको थियो । समापन समारोहमा आफ्नो भनाइ राख्दै गोरखाका सहभागी रञ्जना पोखरेलले भनिन्, 'यस प्रशिक्षणबाट मैले परिचय गर्ने फरक-फरक विधि सिकें । पासबुक/लेजर भर्ने तथा कोष रकमलाई व्यवस्थित राख्न सिकें, सामाजिक परिवारमा गएर काम गर्न पनि थप मद्दत पुगेको छ।'

लमजुङका सहभागी बुद्धिराज बिकले भने, 'चुहिने गाग्रो विश्लेषण, हाजिरीजवाफ प्रतियोगिता, विभिन्न अभिनय, कुन अधिकार कहाँ पाइन्छ जस्ता विधि तथा औजारहरूले सामाजिक परिवार परिचालनमा सहयोग पुगेको छ। मैले सिकेका कुराहरू व्यवहारमा लगाउने छु।'

धादिङका सहभागीहरूको तर्फबाट सुभद्रा तामाङले भनिन्, 'तालिमबाट वचत परिचालन, पासबुक लेजर भर्न, निवेदन लेख्न सिकेका छौं। सामाजिक परिवारको संस्थागत विकासमा थप सहयोग पुगेको छ। म आफ्नो कार्यक्षेत्रमा गएर सिकेका नौला विधि तथा तरिकाहरूलाई प्रयोगमा ल्याउने छु।'

यस्तो तालिममा पहिलोपटक सहभागी काठमाडौं सुन्दरीजलकी सोनुमाया तामाङले समग्र विकास सेवा केन्द्रलाई धन्यवाद दिँदै भनिन्, 'मेरोलागि पासबुक, लेजर भर्ने नयाँ काम थियो। प्रशिक्षणले सजिलो बनाइदिएको छ । मैले सिकेका नयाँ कुराहरू सामाजिक परिवरका अन्य सदस्यहरूलाई पनि सिकाउने छु ।' कार्यक्रमको अन्त्यमा व्यवस्थापक प्रेमराज ढुंगेलबाट सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। ●

# सामाजिक लेखाजोखा कार्यक्रम

**सुनसरीः** समग्र विकास सेवा केन्द्रको सामाजिक लेखा-जोखा कार्यक्रम २०७३ भाद्र ८ गते जिल्ला विकास समितिको हल, इनरुवामा सम्पन्न भयो। कार्यक्रममा सप्तरी जिल्ला संयोजक अरुण चौधरीले समग्र विकास सेवा केन्द्रले सुनसरी जिल्लामा आर्थिक वर्ष २०७२/७३ मा सञ्चालन गरेका कार्यक्रम, बजेट, प्रभाव तथा समस्याहरू प्रस्तुत गरेका थिए।

कार्यक्रममा नेपाली कांग्रेसका हरिराम पोखरेलले भने, 'वर्षभरि जम्मा पाँच लाख रुपैयाँ खर्चेर यति धेरै मान्छे परिचालन गरेको देख्दा सारै उत्साहित भएँ। रकमका हिसाबले यो कार्यक्रम ठूलो हैन तर शान्ति र प्रजातन्त्रका हिसाबले हेर्दा धेरै महत्वपूर्ण लाग्यो। समग्रले जिल्लामा आएर साहसपूर्वक आफ्नो बजेट कार्यक्रम सार्वजनिक गरेकोमा धन्यवाद।'

नेकपा (एमाले)का प्रतिनिधि प्रमोद काफ्लेले भने, 'मुलुकको समृद्धिका लागि सबैको योगदानको खाँचो छ। हाम्रा लागि गैरसरकारी संस्था वास्तवमा गौरव र पीडा दुवै भएका छन्। गैरसरकारी संस्था समाजका पाँचौं अंग हो। वचत रकमले गर्जो मात्र टार्ने हैन, उन्ततितर्फ पनि लगाउन प्रेरणा दिनुहोला।'

नेकपा माओवादीकेन्द्रका प्रतिनिधि राम कोइरालाले भने, 'अहिँसाबाट पनि परिवर्तन ल्याउन सकिन्छ भनेर शान्ति प्रक्रियामा आएका हौं। हाम्रो मूल पक्ष भनेको आत्मनिर्भर सामाज हो। गैरसरकारी संस्थाले सूचना र जानकारी पुऱ्याउनेसम्मको काम गर्ने हो। हाम्रा सरकारी निकायहरू सक्रिय हुन जरुरी छ।' उनले समग्र विकास सेवा केन्द्रले जसरी गाउँ-गाउँ पुगेर महिला दिदी-बहिनीहरूलाई सामाजिक परिवारका माध्यमले संगठित गराई सम्भावना देखाइदिएको छ, यसलाई सरकारी संस्थाहरूले उदाहरण मानेर आफैं केही गर्न खोज्ने व्यक्तिसम्म पुऱ्याइदिन आग्रह गरे।

कार्यक्रममा बोल्दै महिला तथा बालबालिका कार्यालय, कृषि, पशु तथा अन्य सरोकारवाला कार्यालयका प्रतिनिधिहरूले समग्र विकास सेवा केन्द्रले साच्चै 'ग्रास रूट' सम्म पुगी सीमान्तकृत मानिसहरूको सशक्तीकरण गर्न




सकेकोमा खुशी व्यक्त गरेका थिए। उनीहरूले सामाजिक परिवारका सदस्यहरूसँग मिलेर काम गर्न प्रतिबद्धता पनि जनाए।

कार्यक्रममा सामाजिक परिवारका सदस्यहरूले आफूले गरेका वचत परिचालन, अधिकारप्राप्ति अभियान, विकास निर्माण तथा आयआर्जनका गतिविधि प्रस्तुत गरेका थिए।समग्रको तर्फबाट कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले सबैलाई धन्यवाद दिँदै सबैको सहकार्यले सामाजिक रुपान्तरण संभव हुने बताए।

कार्यक्रममा राजनैतिक दल, सरकारी तथा गैरसरकारी कार्यालयका प्रतिनिधिहरू, नागरिक समाजका अगुवाहरू, सञ्चारकर्मी, सामाजिक परिवारका प्रतिनिधिहरूसमेत गरी ५७ जनाको सहभागिता थियो। सहभागीहरूलाई सुनसरी जिल्ला संयोजक अनन्तराम गिरीले स्वागत गरेका थिए। ●

# पशुपालन आधारभूत तालिम



धादिङ : धादिङको तसर्पु गाविस दामेचौरमा २०७३ भाद्र २२ र २३ गते आधारभूत पशुपालन तालिम सम्पन्न भयो। तालिममा पशुहरूमा लाग्ने प्रमुख रोगहरू खोरेत, लुतो, अरुची, रुघाज्वरो आदिका लक्षण तथा घरेलु उपचार विधिबारेमा प्रशिक्षण दिइएको थियो। तालिममा बाखाको खोर व्यवस्थापन, पशु मलमूत्र व्यवस्थापन आदिबारे छलफल गरिएको थियो। सामाजिक परिचालक सुभद्रा तामाङले तालिम प्रभावकारी रहेको र यसबाट पशुपालनमा थप टेवा पुग्ने सहभागीहरूको भनाइ रहेको जानकारी दिइन्।

तालिममा तसर्पु गाविसका सूर्यमुखी, मेन्दोलाफोले, जलदेवी, सहारा, पालुवा, लालीगुराँस, मखमली, श्रमजीवी सामुदायिक संस्था (सामाजिक परिवार) तथा थाक्रे गाविसको रहिराँग जलदेवी र थाक्रेकालिका सामाजिक परिवारका सदस्यहरू गरी ३७ महिलासहित ४१ जना सहभागी थिए। तालिमलाई पशु प्राविधिक रामकृष्ण अधिकारीले सहजीकरण गरेका थिए।●

# स्थानीयस्तरमा मानवअधिकार ...

अँध्यारो छ हामीले उज्यालो बनाउने प्रयास गरेकै छौं । हिजोको भन्दा केही परिवर्तन भएको छ। प्रयास गर्दागर्दै पनि सुन्दरीजलमा गाह्रो परेको छ। म प्रयासरत छु। मैले भोट हेरेको छैन काममा। तपाईंहरूलाई आवश्यक सहयोग गर्न चाहन्छु ।'

लमजुङकी चिजा परियारले सोधिन्, 'सबैको रगत एकै हो त भन्नुहुन्छ तर व्यवहारमा विभेद छ। जनजाति र बाहुनक्षेत्रीका घरघरै धारो छन्। उनीहरू त्यहाँ दिसा पनि धुन्छन् तर दलितलाई धारो छैन। हामी चोखो गाग्रो पनि थाप्न पाउँदैनौं । यो विभेदको अन्त्य कहिले हुन्छ ?'

लमजुङबाट निर्वाचित सांसद् जमिन्द्रमान घलेले भने, 'व्यवहारमा विभेद बाँकी नै छ। यो हटाउने अभियानमा म तपाईंकै साथ छु।यो अन्त्य हुन अझै केही समय लाग्ला।'

कार्यक्रममा सिरहाकी जितनीदेवी महराले दाइजोप्रथाबारे प्रश्न सोधिन्, 'हाम्रो समाजमा दहेज प्रथाले सास्ती दिएको छ। कसैका चार-पाँचवटी छोरी छन् भने आमाबाबुको हालत के होला ? यसको अन्त्य कहिले हुन्छ ?'

सर्लाहीबाट निर्वाचित सांसद् हरि उप्रेतीले मैथिली भाषामा भने, 'हामी कम्युनिष्ट यसैको अन्त्य गर्न लागिपरेका छौं। त्यहाँको जमिन्दारी प्रथा जोगाउन प्रयास गरिरहेको छ । मधेशी दल गरिब दलितलाई ढाँटेर यसको संरक्षण गर्दैछन् । संविधान कार्यान्वयन गर्न चुनाव गर्नुपर्छ। चुनावबाट गरिब दलित पनि नेता हुन्छन्। जमिन्दारी प्रथा कमजोर हुन्छ।'

गोरखाकी कमला कुमालले उठाइन्, 'बुढीगण्डकी जलविद्युत परियोजना बन्ने कुराले त्यहाँका जनताले घर बनाउन पाएका छैनन्। यसको छिटो छिनोफानो गरिदिनुपर्‍यो।'

सप्तरीको पिप्रापश्चिमकी सुनितादेवी सदाले चार पुस्तादेखि बस्दै आएको जमिन अहिले महँगो भएपछि जमिन्दारले बेच्न खोजेका छन् । त्यसमा हक कायम गरिदिन आग्रह गरेकी थिइन् ।

उदयपुरकी नजवुल खानले भनिन्, 'म मुस्लिम अधिकारकर्मी । तपाईंहरूले जुन पोसाकमा देख्नुभएको छ, यो मेरो पोसाक होइन। बुर्का, घुम्टो फालेर यो अभियानमा लागेको हुँ । मुस्लिम महिलालाई प्ले-कार्ड बोकेर पहिलो पटक सडकमा उतार्ने म नै हुँ। त्यसबापत मैले घरनिकाला हुनुपर्‍यो । हामी समावेशी समानताका लागि समग्रजस्तै समग्र सोच लिएर अगाडि बढौं।'

समग्र विकास केन्द्रका सल्लाहकार प्रथम नेत्रहीन अधिवक्ता लक्ष्मण ज्ञवालीले कार्यक्रममा स्वागत मन्तव्य राखेका थिए। कार्यक्रममा सञ्चारकर्मी, मानव अधिकारकर्मी सहित ६१ जनाको सरोकारवालाको सहभागिता थियो। ●

## सुशासन .......

कार्यक्रममा पूर्वसभासदद्वय सविता यादव र जयराम यादव, समाजवादी फोरमका केन्द्रीय सदस्यहरू सञ्जय सिंह, हरिगोविन्द यादव, जिल्ला अध्यक्ष भगिरथ खत्वे, जिल्ला कोषाध्यक्ष महेन्द्रप्रसाद यादव, पशुसेवा केन्द्रका अधिकृत महेन्द्र पैकरा, कृषि सेवा केन्द्रका सहायक प्रमुख हरिनारायण शाह, बजार व्यवस्थापन समितिका अध्यक्ष रामनारायण पोद्दार, व्यवसायी अरुण यादव, लौकही गाविस पूर्वअध्यक्ष देवकृष्ण यादव लगायत १३० जना सहभागी थिए।

**सप्तरी :** सप्तरीको शम्भुनाथ नगरपालिकामा २०७३ आश्विन १० गते सुशासन तथा जवाफदेहीता विषयक अन्तर्क्रिया सम्पन्न भयो । अन्तर्क्रियामा सहभागीका तर्फबाट सामाजिक परिवारका प्रतिनिधिहरू राजनैतिक दल तथा नागरिक समाजका अगुवाहरूले नगरपालिकाले बजेट छर्ने मात्र काम गरेको, पहुँचवालाहरूको वडाहरूमा मात्र धेरै बजेट विनियोजन गरेको जस्ता गुनासा गरेका थिए। उनीहरूले समग्र विकास सेवा केन्द्रले सबैलाई एक ठाउँमा भेला गराई अन्तर्क्रिया कार्यक्रम गरी अत्यन्तै सान्दर्भिक कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद दिएका थिए।

कार्यक्रममा बोल्दै नगरपालिकाका कार्यकारी अधिकृत सञ्जीव न्यौपानेले नगरपालिकाको सुधारका लागि धेरै प्रयास गरिरहेको बताउँदै जिज्ञासाहरूलाई सम्बोधन गर्ने प्रयास गरेका थिए। उनले बढी शुल्क उठाउने सचिवलाई प्रमाण भेट्टाए कारवाही गर्ने तथा कहीं कतै अनियमिता हुन नदिने प्रतिबद्धता जनाए । राजनीतिक दलहरूबीचको विवादका कारण नगरपालिका भवन निर्माण हुन नसकेको हुँदा सहमतिमा पुग्न राजनैतिक दललाई पनि आग्रह गरे। कार्यकारी अधिकृत न्यौपानेले आवश्यकता परे समग्र विकास सेवा केन्द्रलाई सहजीकरणका लागि अनुरोधसमेत गर्ने बताए।

कार्यक्रमको अध्यक्षता जिल्ला समाजिक परिवार, सप्तरीका अध्यक्ष तथा दलित कल्याण सामाजिक परिवारका अध्यक्ष अनिरुद्र मण्डलले गरेका थिए। समापन मन्तव्य दिँदै मण्डलले सबै सेवादायकलाई गरीबको पक्षमा काम गर्न अनुरोध गरे।

शम्भुनाथ नगरपालिकाका कार्यकारी अधिकृत सञ्जीव न्यौपाने प्रमुख अथिति रहेको अन्तर्क्रिया कार्यक्रममा नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र, संघीय समाजवादी फोरमसहित स्वास्थ्य केन्द्र, नागरिक समाज र स्थानीय सञ्चारकर्मी, विभिन्न सामाजिक परिवारका प्रतिनिधि गरी एक सयभन्दा बढीको सहभागिता थियो।

**धनुषा**: धनुषाको धनुषाधाम नगरपालिकाको सभाकक्षमा २०७३ आश्विन १२ गते सुशासन तथा जवाफदेहीतासम्बन्धी अन्तर्क्रिया सम्पन्न भयो । अन्तर्क्रियामा सहभागी कार्यालय प्रमुखहरूले आफ्नो कार्यालयले प्रवाह गर्दै आएको सेवा सुविधा र समस्याबारे जानकारी गराएका थिए।

सामाजिक परिवारका प्रतिनिधिहरूले सुत्केरी र गर्भवती जाँच गर्दा शुल्क तिर्नुपरेको, नगरपालिकाले राम्रो काम नगरेको गुनासो गरेका थिए। उनीहरूले विद्युत टान्सफर्मरको समस्या, सडकको समस्या तथा गरिव समुदायलाई उपेक्षा गरेको पनि बताए । कार्यक्रममा सहभागी सम्बन्धित निकायका कर्मचारीहरूले आफ्नो सेवालाई सरल, सहज र प्रभावकारी बनाउने प्रतिबद्धता जनाए।

शिव पासवानको अध्यक्षतामा सम्पन्न अन्तर्क्रियामा प्राथमिक स्वास्थ्य केन्द्रका स्वास्थ्य निरीक्षक श्याम महतो, नगरपालिकाका इन्जिनीयर मनोज यादव, कृषि सेवा केन्द्रका प्राविधिक सहायक किशोरी महतो, पशु सेवा केन्द्रका चन्द्रकान्त झा, इलाका वन कार्यालयका रेन्जर सन्तोषकुमार यादवलगायत सञ्चारकर्मी, नागरिक समाजका अगुवाहरूसमेत ५० जनाभन्दा बढीको सहभागिता रहेको थियो। ●



# नयाँ संविधानसम्बन्धी जानकारी

*संविधानसभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गर्‍यो । यो संविधानका ३५ भाग, ३०८ धारा र ९ वटा अनूसूची छन् । भाग ३ मा मौलिक हकको व्यवस्था छ, जुन धारा १६ देखि ४६ सम्म लिपिबद्ध छन् ।*

२१. अपराध पीडितको हक :
(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ । (२) अपराध पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुनेछ ।
२२. यातनाविरुद्धको हक :
(१) पक्राउ परेको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन ।
(२) उपधारा (१) बमोजिमको कार्य कानून बमोजिम दण्डनीय हुनेछ र त्यस्तो व्यवहारबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।
२३. निवारक नजरबन्दविरुद्धको हक :
(१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिने छैन ।
(२) उपधारा (१) बमोजिम निवारक नजरबन्दमा रहेको व्यक्तिका स्थितिको बारेमा निजको परिवारका सदस्य वा नजिकको नातेदारलाई कानून बमोजिम तत्काल जानकारी दिनु पर्नेछ तर शत्रु देशको नागरिकका हकमा यो उपधारा लागू हुने छैन ।
(३) निवारक नजरबन्दमा राख्ने अधिकारीले कानूनविपरीत वा बदनियतपूर्वक कुनै व्यक्तिलाई नजरबन्दमा राखेमा त्यस्तो व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । ●

## सरोकारवालासँग..................

दलका स्थानीय प्रतिनिधि, सरकारी कार्यालयका कर्मचारी, सामाजिक परिवारका प्रतिनिधि, शिक्षक, विद्यार्थी, विभिन्न संघ-सस्थाका प्रतिनिधिहरू गरी ११७ जना सहभागी थिए । कार्यक्रमलाई ईश्वरी निमाविका प्रधानाध्यापक मधुप्रसाद सिंखडाले स्वागत गर्नुभएको थियो ।
**बारा:** समग्र विकास सेवा केन्द्रको आयोजनामा २०७३ असोज १२ गते महागढीमाई नगरपालिकाको सभाहलमा सार्वजनिक सुनुवाई सम्पन्न भयो ।
कार्यक्रममा सरोकारवालाहरूले नगरपालिकाले सामाजिक सुरक्षाभत्ता समयमा उपलब्ध नगराएको, नाला तथा सडक निर्माणमा ध्यान नदिएको, महिला सीप विकास कार्यक्रम सञ्चालन नगरेको, चर्पी वितरणमा अनियमितता गरेको, बडापत्र नराखेको जस्ता गुनासा राखेका थिए ।
महागढीमाई नगरपालिका कार्यालय, बरियारपुरका कार्यकारी अधिकृत महेन्द्रप्रसाद कुशवाहाले सरोकारवालाहरूबाट आएका गुनासालाई आफूले मनन गरी नगरपालिकाको सेवा सुविधालाई चुस्त दुरुस्त र सरल बनाउने वचन दिएका थिए। स्थानीय सेवा प्रदायक संस्थाहरूले आफूले प्रवाह गर्दै आएका सेवा र आगामी दिनमा गर्ने कार्यक्रमबारे सहभागीहरूलाई जानकारी गराएका थिए ।
समग्र विकास सेवा केन्द्रका तर्फबाट कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले समग्रले गर्दै आएका कार्यक्रमबारे जानकारी गराएका थिए ।कार्यक्रमको अध्यक्षता सरस्वती सामाजिक परिवार महागढीमाई नगरपालिका वार्ड नं. ६ का अध्यक्ष कलावतीदेवी पासवानले गरेकी थिइन् ।
स्थानीय सेवा प्रदायक कार्यालयहरू र सरोकारवाला नागरिकहरूबीचमा छलफल तथा अन्तर्क्रिया गराई स्थानीय सेवा प्रवाहलाई सरल र प्रभावकारी बनाउन सहयोग पुऱ्याउने मुख्य उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको हो ।
सार्वजनिक सुनुवाईमा महागढीमाई नगरपालिका, इलाका स्तरका पशु विकास कार्यालय, कृषि विकास कार्यालय, बालबालिका तथा महिला विकास कार्यालय, गैरसरकारी संस्था महासंघ, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, विभिन्न सामाजिक परिवारका प्रमुख तथा प्रतिनिधिहरू महिला ४२ सहित ७० जनाको सहभागिता थियो । ●

## स्थलगत अनुगमन

**गोरखा :** समग्र विकास सेवाकेन्द्रका अध्यक्ष दुर्गादत्त घिमिरे र महासचिव बाबुकाजी अधिकारीले २०७३ आश्विन १७ गते गोरखा नगरपालिकाको दलित बस्तीमा गठित सञ्चारमार्ग सामाजिक परिवार र खोप्लाङ-९, ठूलोगैरीस्थित अन्नपूर्ण सामाजिक परिवारसँग भेट्घाट तथा अन्तर्क्रिया गरेका छन् । सो अवसरमा सामाजिक परिवारले गरेको विकासनिर्माण, मानवअधिकारको अवस्था, द्वन्द्व व्यवस्थापन विषयमा छलफल भएको थियो ।
यसैगरी कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले २०७३ भाद्र ९ र १० गते सुनसरी जिल्लाको भोक्राहा र श्रीपुर जब्दी गाविसका सामाजिक परिवारहरूको अनुगमन गरेका छन् । न्यौपानेले सामाजिक परिवारका सदस्य, स्थानीय सेवाप्रदायक तथा राजनैतिक दल, नागरिक समाजका प्रतिनिधिहरूसँग भेटघाट तथा अन्तर्क्रिया गरेका थिए ।
कार्यकारी निर्देशक न्यौपाने र कार्यक्रम व्यवस्थापक प्रेमराज ढुंगेलले २०७३ आश्विन १३ र १४ गते सिरहाको वडहरामाल र कर्जन्हा तथा सुनसरीको पश्चिमकुशाहा गाविसका सामाजिक परिवारहरूसँग अन्तर्क्रिया गरेका थिए । ●

# ३९ वर्षमा जन्मदर्ता र नागरिकता

उदयपुरको त्रियुगा नगरपालिका वडा नं ६ मा सानो टोल छ। १७ घर सार्की मात्र बसोबास गर्छ उक्त नमूना टोलमा। पहिले वडा कार्यालयमा हुने छलफल, बैठक अदिमा त्यस टोलका प्रतिनिधि बोलाइन्नथे। वडामा गठन गरिने टोल विकास समिति वा कुनै पनि उपभोक्ता समितिमा पनि त्यस टोलका दलित सहभागी हुँदैनथे।

०७२ सालमा त्यही टोलमा समग्र विकास सेवा केन्द्र पुग्यो- शान्ति स्थापना र प्रजातान्त्रीक अभ्यासको लागि सीमान्कृत मानिसहरुको सशक्तीकरण कार्यक्रम लिएर।

समग्र विकास सेवा केन्द्रकी उदयपुरका सहउत्प्रेरक जानुका कार्कीको पहलमा दलित महिला सामाजिक परिवार गठन गरियो २०७२ साल फाल्गुण ३ गते। १७ घरपरिवारमध्ये १४ घर उक्त सामाजिक परिवारका सदस्य भए।

शारीरिक रूपमा अपाङ्ता भएकी मीरा सार्की त्यसै टोलमा जन्मेकी थिइन्- ३९ वर्षअघि। २०३४ कात्तिक १४ गते जन्मिएकी उनी जन्मिदै शारीरिक रूपमा कमजोर थिइन्। उनी बढ्दै जाँदा बोल्न पनि सक्ने भइनन्। हात पनि नचल्ने भयो। उनको खुट्टाले पनि अलिअलि मात्र टेक्न सक्छ।

मीराका पिता भारतीय सेनाका लाहुरे थिए। तीन जना दाजु र तीन दिदीकी बहिनी मीराका पिताको १५ वर्षअघि मृत्यु भयो, आमा भने हुनुहुन्छ। पिताले आफू जीवितै छँदा उनका सबै दाजुदिदीको नागरिकता बनाइदिए। यो मीराको जन्मदर्ता पनि गरिएन। पिताले सोचेछन्, 'मीरा अपाङ्ग छे, यसलाई नागरिकता के काम ? किन गर्नुपऱ्यो जन्मदर्ता ?' त्यसैले न जन्मदर्ता भयो, न नागरिकता बन्यो।

मीराको बुहारी र भाउजू दलित महिला सामाजिक परिवारमा सदस्य बने। सामाजिक परिवारमा भएको अभिमुखीकरण कार्यक्रममा मीराकी भाउजू उर्मीला सार्की ले सुनिन्, अपाङ्गता भत्ता कार्डको विषयमा भाउजूले प्रश्न 'मेरी नन्द पनि अपाङ्ग छिन् तर उनको कार्ड छैन। यसका लागि के गर्न सकिन्छ ?'



मीरा सार्की

भाउजूको प्रश्नपछि सामाजिक परिवारले मीरा सार्कीको बारेमा चासो दियो। बुझ्दै जाँदा थाहा भो- मीराको नागरिकता त के, जन्मदर्ता पनि भएको रहेनछ। त्यो थाहा पाएपछि समग्र विकास सेवा केन्द्र उदयपुरकी उत्प्रेरक जानुका कार्कीले त्यसै वडाको 'स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम' एलजीसीडीपी) अन्तर्गतका सामाजिक परिचालक रेनुका खत्रीसँग समन्वय गरिन्। मीराको जन्मदर्ता र नागरिकता बन्यो- २०७३ साउन १९ गते।

सहउत्प्रेरक जानुका कार्कीले त्यसपछि नागरिकता र नगरपालिकाबाट बनाएको अपाङ्ता सिफरिसपत्रसहित मीरालाई लिएर पहिले अपाङ्गता विकास कार्यालय गइन्। अपाङ्गता प्रमाणित गर्न जिल्ला अस्पताल र अन्यमा महिला विकास कार्यालय गई उनलाई 'ख' श्रेणीको कार्ड बनाइदिएकी छिन्।

सामाजिक परिवार गठिन हुनेबित्तिकैदेखि समग्र विकास सेवा केन्द्रको जिल्ला शाखाले क्षमता विकास तालिम, सरकारी सेवा स्रोतको विषयमा अभिमुखीकरण, योजना निर्माण सम्बन्धी अभिमुखीकरण, विभिन्न अधिकारसम्बन्धी जानकारी दिनेजस्ता कार्यक्रमहरु गर्दै आएको थियो। सामाजिक परिवार बनाएको छोटो समयमा नै परिवारका सदस्यहरूमो बोल्ने क्षमताको विकास भएको देखियो।

आफ्ना अधिकार खोज्ने क्षमतामा पनि अभिवृद्धि भयो। सरकारी सुविधाअन्तर्गत अपाङ्गता भत्ताको चर्चा त हुन्थ्यो। त्यसको व्यावहारिक कार्यान्वयनको विषय उत्पन्न भयो। त्यसको कार्यान्वयन गर्ने पात्र भइन्- मीरा सार्की।

अपाङ्गता भत्ता कार्ड बनाई सकेपछि मीराकी आमा जान्दमा सार्कीले भनिन्, 'सानामा मीरालाई के काम भनेर जन्मदर्ता र नागरिकता बनाइदिएनौं। अपाङ्गलाई सरकारले भत्ता दिन्छ भन्ने सुनेकी थिएँ तर कसरी पाउने भन्ने थाहा थिएन। जब बुहारीले समाजिक परिवारकी मिसले मीरालाई अपाङ्गता कार्ड बनाइदिन सघाउनुहुन्छ रे भनिन्, मलाई धेरै खुशी लाग्यो।'

'मीराको जन्मदर्ता, नागरिकता र अपाङ्ग कार्ड सबै बनाउँदा म पनि जानुकाको पछि-पछि गएँ। अब त मलाई पनि बनाउने तरिका थाहा भयो', मीराकी आमा जान्दमा सार्की, ७० वर्षीयले खुशी हुँदै भनिन्, 'अन्त्यमा कसैले वास्ता नगरेकी मेरी छोरीको जानुकाले अपाङ्ग कार्ड बनाएर पैसा पाउने बनाइदिनुभो। अब त म मरे पनि मेरी कमजोर छोरीले सरकारबाट पैसा पाउने भई।'

मीराकी आमा सामाजिक परिवारकी सदस्य त छैनन् तर पनि हरेक बैठकमा जान थालेकी छिन्। उनी सामाजिक परिवारको सबै कार्यक्रममा उपस्थित हुन्छिन्। उनले अरुलाई पनि सामाजिक परिवारको सदस्य बन्न प्रेरित गर्न थालेकी छन्।

*प्रस्तुति : नितेश परियार*